आज मिति २०८२ भाद्र १८ गते बुधवारका दिन ६२ औं कार्यपालिका बैठक महाङ्काल गाउँपालिकाका अध्यक्ष श्री गणेश बहादुर के.सी. ज्यूको अध्यक्षतामा बसी तपशीलको उपस्थितीमा देहायका प्रस्तावहरु माथी छलफल गरि निर्णयहरु गरियो।

**उपस्थित**

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री गणेश बहादुर के.सी. | अध्यक्ष | |
| श्री डोल्मा माया गोले | उपाध्यक्ष | |
| श्री राम प्रसाद घिमिरे | सदस्य | |
| श्री जोनी कुमार न्यासुर | सदस्य | |
| श्री मनोज कुमार पराजुली | सदस्य | |
| श्री कृष्ण प्रसाद तिमल्सिना | सदस्य | |
| श्री भुमिनन्द घिमिरे | सदस्य | |
| श्री विनोद चौरेल | सदस्य | |
| श्री लक्ष्मी संजेल | सदस्य | |
| श्री देवी माया लामा | सदस्य | |
| श्री मन्दिरा तिमल्सिना घिमिरे | सदस्य | |
| श्री रेनुका संजेल | सदस्य | |
| श्री गुप्त बहादुर ब्राहमु | सदस्य | |
| श्री चित्र कुमारी विश्वकर्मा | सदस्य | |
| श्री सन्दिप न्यौपाने | सदस्य सचिव | |

**सहजकर्ता**

| | | |
|---|---|---|
| श्री शरोज वेल्वासे | प्रशासन शाखा | |
| | | |
| | | |
| | | |

मिति २०८२ साल भाद्र १८ गतेको ६२ औं कार्यपालिका बैठका निर्णयहरु:

## प्रस्तावहरु:

प्रस्ताव नं. १. कार्यविधि संशोधन गर्ने सम्बन्धमा।

प्रस्ताव नं. २. "घ" वर्गको इजाजत सम्बन्धमा।

प्रस्ताव नं. ३. स्कुटरको क्षति रकम भुक्तानी सम्बन्धमा।

प्रस्ताव नं. ४. आर्थिक विकास समितिको निर्णय अनुमोदन सम्बन्धमा।

प्रस्ताव नं. ५. बाटो सरसफाईको लागि साधन भाडामा लिने सम्बन्धमा

प्रस्ताव नं. ६. "स्वरोजगारको लागि प्रविधि सहयोग अनुदान" प्रदान गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ७. करारमा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धमा।

प्रस्ताव नं. ८. जिल्ला समन्वय समिति,ललितपुरसंगको साझेदारी कार्यक्रम सम्बन्धमा।

प्रस्ताव नं. ९. विविध सम्बन्धमा।

## निर्णयहरू:

निर्णय नं. १. प्रस्ताव नं. १ माथि छलफल गर्दा संघीय विशेष अनुदान कार्यन्वयन कार्यविधि, महाङ्काल गाउँपालिकाको विशेष अनुदान अन्तर्गत कृषि, पशुपन्छि तथा मत्यस्य कार्यक्रम कार्यन्वयन कार्यविधि, २०८० को दफा ९ को उपदफा २ मा साझेदारीमा गाउँपालिकाको ८०% र कृषकको २०% भनिएकोमा गाउँपालिकाको अधिकतम ८०% र कृषकको न्युनतम २०% हुने गरी उल्लेखित कार्यविधिको दफा ९ को उपदफा २ संशोधन गर्ने निर्णय सर्वसहमतले पारित गरीयो।

निर्णय नं. २. प्रस्ताव नं. २ माथि छलफल गर्दा एम.जि. निर्माण सेवा, स्थायी ठेगाना ललितपुर, कोन्ज्योसोम गा.पा. वडा नं. २ भई यस गाउँपालिका वडा नं. ४, कालेश्वरमा (स्थायी लेखा नं. ६००४२४८१५) ले उद्योग तथा वाणिज्य कार्यालय, ललितपुरमा २५४०८/१८/०८२/०८३ दर्ता भई "घ" वर्गको इजाजत पत्रको लागि मिति २०८२।०४।१८ गते आवश्यक कागजात सहित निवेदन दिएकोमा श्री एम.जि. निर्माण सेवालाई नियमानुसार "घ" वर्गको इजाजत प्रदान गर्ने निर्णय सर्वसहमतले गरीयो।

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर के.सी.
अध्यक्ष

मिति २०८२ साल भाद्र १८ गतेको ६२ औं कार्यपालिका बैठका निर्णयहरुः

निर्णय नं. ३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गाउँपालिकामा रहेको स्काभेटरले यस गाउँपालिकाको वडा नं. ३ मा रहेको धामीखोलामा कार्य गरीरहँदा अकसमाथ महाङ्काल गाउँपालिका वडा नं. ३ निवासी श्री मञ्जु स्याङतानको नाममा रहेको होन्डा डियो २०२२ सालमा बनेको १०९.१९ सि.सि. सवारी नं. बागमती प्रदेश ०२-०३८ प ८६९७ को स्कुटर स्काभेटरको चेन मुनी पर्न गई स्कुटर क्षत विक्षत हुनुकासाथै इन्जननै दुई टुक्रा भएको र उक्त स्कुटर मर्मत गरी पुनः प्रयोग गर्न नसकीने हुनाले उक्त क्षती भएको स्कुटरको लागि एकमुष्ठ रकम रु.१,८०,०००/- (अक्षरुपि एक लाख असी हजार मात्र) सवारी धनी श्री मञ्जु स्याङतानलाइ भुक्तानी गर्ने निर्णय सर्वसहमतले गरीयो।

निर्णय नं. ४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०८२।०८३ मा कार्यहुने गरी संघीय सरकारबाट विशेष अनुदान अन्तर्गत मासु उत्पादन केन्द्र, पशुपालन, दुग्धजन्य पदार्थ प्रशोधन तथा बजारीकरण र अर्गानीक कृषि खेति प्रर्वद्धन कार्यक्रमको कार्यन्वयनको लागि विनियोजित बजेट रकम रु. २ करोड ६० लाख मात्र कार्यन्वयनको लागि मिति २०८२ साल भाद्र १८ गतेको आर्थिक विकास समितिले गरेको निर्णय सर्वसहमतले अनुमोदन गरीयो।

निर्णय नं. ५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा चाडपर्वहरुको सुरुवात संगै यातायात सहजताको लागि सडक सरसफाई कार्य गर्नु पर्ने भएकोले यस गाउँपालिकामा रहेका व्याक हो लोडर र स्काभेटरले सम्पूर्ण कार्य समपन्न गर्न नसकीने भएकोले यस गाउँपालिकामा रहेका निर्माण सामाग्रीका अतिरिक्त एक थान व्याक हो लोडर भाडामा लिइ सरसफाइ कार्य गर्नको लागि रु. २५००।— (अक्षरुपि पच्चीस सय मात्र) मा न्युनतम रकम कबोल गर्ने निर्माण व्यवसायी संग सम्झौता गरी प्रति घण्टाको दरले आउने जम्मा रकम भुक्तानी हुने गरी सूचना प्रकाश गर्ने निर्णय सर्वसहमतले गरीयो।

निर्णय नं. ६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको आ.व. २०८२।०८३ मा कार्यहुने गरी "स्वरोजगारको लागि प्रबिधि सहयोग अनुदान" कार्यक्रममा विनियोजित बजेट रकम रु. ४,५०,०००।— (अक्षरुपि चार लाख पचास हजार मात्र) बाट गृहणी महिलाको लागि ७ दिनको सूचना प्रकाशन गरी प्रत्यक वडा कार्यालयमा निवेदन संकलन मार्फत यस गाउँपालिकाको लागि टेम्पो संचालनको लागि प्रत्यक लाभग्राही रु. १ लाख पचास हजारको दरले अनुदान वितरण गर्ने र सो को छनोट गाउँ कार्यपालिकाद्वारा आर्थिक अवस्था, गर्न सक्ने क्षमता तथा अन्य प्रावधानहरु समेतलाई आधारमानी गरी छनोटमा परेका लाभग्राहीहरुले खरिद गरेको टेम्पोमा अधिकतम तीन जनाको लागि जनही रु १ लाख पचास हजारको दरले नगद अनुदान मार्फत स्वरोजगार बनाउनको लागि छनोटमा परेका लाभग्राहीहरुले टेम्पो खरिदमा नगद अनुदान प्रदान गर्ने निर्णय सर्वसहमतले पारित गरीयो।

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर के.सी.
अध्यक्ष

मिति २०८२ साल भाद्र १८ गतेको ६२ औं कार्यपालिका बैठका निर्णयहरु:

निर्णय नं. ७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गाउँपालिकाको लागि आ.व. २०८२।०८३ मा कार्यहुने गरी नेपाल सरकार शर्सत अनुदान तर्फ खर्च शीर्षक न. २२५२९ कार्यक्रम **"म स्वस्थ मेरो समुदाय स्वस्थ घरटोलमा स्वास्थ्य प्रर्वद्धन कार्यक्रम"** कार्यन्वयनको लागि विनियोजित बजेट रकम रु. ४ लाख ६० हजार बाट कार्यक्रम कार्यन्वयन हुने गरी विज्ञापन गर्ने तथा यस गाउँपालिकाको वडा नं. १, वुखेल वडा कार्यालयको लागि स्वीकृत दरबन्दी अनुसार रिक्त रहेको कार्यालय सहयोगी पदमा समेत गरी तपशील बमोजिमको पद, तह र श्रेणीमा करार सेवा मार्फत कर्मचारी पदपूर्ती गर्ने निर्णय सर्वसहमतले गरीयो।

<u>तपसिल</u>

| क्र.स. | पद/तह | सेवा/समूह | योग्यता | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | जनस्वास्थ्य अधिकृत, अधिकृत सातौं | नेपाल स्वास्थ्य, हेल्थ इन्सपेक्सन | न्यूनतम शैक्षिक योग्यता:- जनस्वास्थ्य विषयमा कम्तिमा स्नातक तह योग्यता हासिल गरेको। | १ | |
| २ | कार्यालय सहयोगी | प्रशासन सेवा, श्रेणी विहिन | सामान्य लेखपढ गरेको। | १ | वडा नं. १ वुखेल वडा कार्यालयको लागि |

निर्णय नं. ८. प्रस्ताव नं. ९ माथि छलफल गर्दा जिल्ला समन्वय समिति, ललितपुरको मिति २०८२।०५।१३ च.नं. ४५ को पत्रानुसार आ.व. २०८२।०८३ मा साझेदारीजमा कार्यक्रम सञ्चालनको लागि प्रस्ताव पेश गर्न अनुरोध भए अनुसार यस गाउँपालिकाका तपशीलका योजनाहरु साझेदारीमा कार्यन्वयन गर्ने गरी साझेदारीमा सञ्चालन गर्ने निर्णय सर्वसहमतले गरीयो।

<u>तपसिल</u>

| क्र.स. | योजनाको नाम | ठेगाना | यस कार्यालबाट विनियोजित बजेट रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | वडा कार्यालय भवन निर्माण | महाङ्काल गा.पा. वडा नं. १, वुखेल | रु. २० लाख मात्र। | |
| २ | श्री बुद्ध भगवान मा.वि. शौचालय तथा स्टेज निर्माण | महाङ्काल गा.पा. वडा नं. २, मानिखेल | रु. ५ लाख मात्र। | |
| ३ | वडा भरी खाने पानी व्यवस्थापन | महाङ्काल गा.पा. वडा नं. ३, गोटिखेल | रु. ५ लाख मात्र। | |

सन्दिप सीपाने
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर के.सी.
अध्यक्ष

मिति २०८२ साल भाद्र १८ गतेको ६२ औं कार्यपालिका बैठका निर्णयहरु:

| | | | | |
|---|---|---|---|---|
| ४ | बाध भैरव मा.वि. ट्रसमा वाल तथा झ्यालखापा निर्माण | महाङ्काल गा.पा. वडा नं. ४, कालेश्वर | रु. ५ लाख मात्र। | |
| ५ | वडामा खानेपानी व्यवस्थापन | महाङ्काल गा.पा. वडा नं. ४, कालेश्वर | रु. ७ लाख मात्र। | |
| ६ | वडा कार्यालय संरक्षण तथा घेराबार निर्माण | महाङ्काल गा.पा. वडा नं. ५, चन्दनपुर | रु. ६ लाख मात्र। | |
| ७ | वडा कार्यालय तला थप र घेरावार | महाङ्काल गा.पा. वडा नं. ६, ठूलादुर्लुङ्ग | रु. १० लाख मात्र। | |
| ८ | श्री ५ महेन्द्र मा.वि. घेरावार तथा स्टेज निर्माण | महाङ्काल गा.पा. वडा नं. ६, ठूलादुर्लुङ्ग | रु. ३ लाख मात्र। | वडा कार्यालयबाट रु. १ लाख र विद्यालयबाट रु. २ लाख गरी जम्मा ३ लाख। |
| ९ | मानिखेल सामुदायीक भवन निर्माण, गणेश मन्दिर | महाङ्कला गा.पा. वडा नं. २, मानिखेल | रु. १० लाख मात्र। | |

निर्णय नं. ९. प्रस्ताव नं. ८ विविध माथि छलफल गर्दा तपशील बमोजिमको निर्णय गरीयो।

क) महाङ्काल गाउँपालिका वडा नं. १ बुखेल निवासी श्री संगिता सापकोटाले मिति २०८२ साल भाद्र ०२ गते दिएको निवेदन अनुसार निजको श्रीमान् स्व. राजकुमार सापकोटाको उपचारको क्रममा मृत्यु भई उचारको लागि लागेको खर्च रकम भुक्तानीको लागि आर्थिक सहयोग पाउँ भनि निवेदन पेश गरेको हुँदा निजको उपचार गर्दा लागेको रकम भुक्तानीको लागि रु. २० हजार आर्थिक सहयोग प्रदान गर्ने निर्णय सर्वसहमतले गरीयो।

ख) महाङ्काल गाउँपालिका वडा नं. २ निवासी श्री दिनेश भोम्जन (ना.प्र.नं. २८-०२-०८०-६१४४, ललितपुर) ले क्यूकोसिन कराते खेलमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरबाट बिभिन्न पुरस्कार तथा पदक समेत हाँसिल गरेको र आगामी समयमा हुने खेलमा सहभागी भई गेम खेल्नको लागि ट्रेनिङ्ग सेन्टमा लाग्ने शुल्क तिर्न कठिन भएको भनि निवेदन पेश गरेको हुनाले निजलाई खेल खेल्न तथ ट्रेनिङ्गको लागि सहयोग स्वरुप रु. १५ हजार आर्थिक सहयोग गर्ने निर्णय सर्वसहमतले गरीयो।

ग) राष्ट्रिय बाल दिवसको अवसरमा यस गाउँपालिका, लूनिभाः बाल सरोकार समूह, पाटन सि.वि.आर र एस ओ एस वाल ग्रामको सयुक्त साझेदारी र महाङ्काल वाल क्लव संजालको सहकार्यमा यहि मिति २०८२ साल भाद्र २९ गते हुने वालदिवस कार्यक्रम आयोजना हुने कार्यक्रमको लागि कार्यक्रम खर्च शीर्षकबाट भुक्तानी हुने गरी रु.३० हजार कार्यक्रम सञ्चालनार्थ भुक्तानी दिने निर्णय सर्वसहमतले गरीयो।

सन्दिप ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८२ साल भाद्र १८ गतेको ६२ औं कार्यपालिका बैठका निर्णयहरुः

घ) यस गाउँपालिकाको आयोजनामा सञ्चालन हुने विभिन्न कार्यक्रमहरुमा सक्रिय सहभागीता मार्फत गाउँपालिकाको सामाजिक, सांस्कृतिक र सामुदायिक विकासमा योगदान पुर्याएबापत तपशीलका संघ, संस्था तथा विद्यालयहरुलाई तपशीलबमोजिमको रकम भुक्तानी दिने निर्णय सर्वसहमतले गरीयो।

तपसिल

| क.स. | संस्थाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | जनज्योती महिला कृषि सहकारी संस्था लि., मानिखेल | १०,०००/-दश हजार मात्र। | |
| २ | गोटिखेल आमा समूह सञ्जाल, गोटिखेल | १०,०००/-दश हजार मात्र। | |
| ३ | परिवर्तनशील कृषि तरकारी तथा फलफूल सहकारी संस्था लि., कालेश्वर | १०,०००/-दश हजार मात्र। | |
| ४ | मित्रता महिला बचत तथा ऋण सहकारी संस्था लि., ठूलादुर्लुङ्ग | १८,०००/- अठार हजार मात्र। | |
| ५ | मनकामना आमा समूह सञ्जाल, बुखेल | १०,०००/-दश हजार मात्र। | |
| ६ | मंहाकाल मा.वि., गोटिखेल | १०,०००/-दश हजार मात्र। | |
| ७ | काली देवि मा.वि. बुखेल | १०,०००/-दश हजार मात्र। | |
| ८ | हिल साइड इङ्गलिस सेकेन्डरी स्कुल, गोटिखेल | १०,०००/-दश हजार मात्र। | |

ङ) अध्ययन पूर्व स्वीकृति सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ४, कालेश्वर स्वास्थ्य चौकीमा कार्यरत श्री पवन कुमार मंडल, सि.अ.हे.व. क.स.नं. २३०४७५ ले चिकित्सा शिक्षा स्नातक तह अध्ययनको लागि अध्ययन पूर्व स्वीकृतिको लागि निवेदन पेश गरेको हुनाले निजलाई अध्ययनको लागि पूर्व स्वीकृति प्रदान गर्ने निर्णय सर्वसहमतले गरीयो साथै यस गाउँपालिकाको मानिखेल अस्पतालमा कार्यरत स्वास्थ्य सेवा, भुगोल खडायत (अ.हे.व), सहायक चौथोले BPH अध्ययनको लागि अध्ययन पूर्व स्वीकृति पाउँ भनि निवेदन पेश गरेको हुनाले निजलाई अध्ययन पूर्व स्वीकृति प्रदान गर्ने निर्णय सर्वसहमतले गरीयो।

च) गाउँपालिकाको आ.व. २०८२।०८३ मा कार्यहुने गरी विनियोजित बजेट रकम रु. ५,००,०००/- (अक्षरुपि पाँच लाख मात्र) मध्येबाट यस गाउँपालिकामा हुने सामाजिक कार्यमा खर्चको गर्नको लागि विधायन व्यवस्थापन समितिद्वारा पेश हुन आएको **"सामाजिक कार्यमा (जन्म, मृत्यु) पालिका सहभागिता कार्यक्रम कार्यन्वयन सम्बन्धी कार्यविधि, २०८२"** लाई सर्वसहमतले स्वीकृत गरी पारित गरीयो।

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर के.सी.
अध्यक्ष

मिति २०८२ साल भाद्र १८ गतेको ६२ औं कार्यपालिका बैठका निर्णयहरुः

छ) निर्माण व्यवसायीको सवारी प्रयोग गरी कार्य गरे वापदको कार्य समयको आधारमा रकम भुक्तानी गर्ने सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकामा रहेका व्याक हो लोडर र एक्साभेटर अन्य वडामा कार्य गरीरहँदा यस गाउँपालिकाको वडा नं. ३ को धामीखोला नियन्त्र र पालिका परिसरमा आएको वाढी नियन्त्रणको तथा अवरुद्ध बाटो खोल्नको लागि पालिका परिसरमा रहेका निर्माण व्यवसायीका व्याक हो लोडर र एक्साभेटर प्रयोग गरी तत्कालिन समस्या समाधान गरीएकोमा प्राविधिक नापजाँचको आधारमा प्राविधिक मूल्याङ्कन अनुसारको रकम श्री मुनलाईट निर्माण सेवा प्रा.लि. लाई भुक्तानी दिने निर्णय सर्वसहमतले गरीयो।

सन्दिप न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर के.सी.
अध्यक्ष